शृंखलामा महिला टोलीको खराब सुरुआत

पहिलो खेलमा नेपाली टोली नामिबियासँग डकवर्थ लेविस (डिएलएस) का आधारमा ६ विकेटले पराजित भएको छ। यससँगै घरेलु टोली, हङकङ र नामिबिया सम्मिलित टी ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट शृंखला जित्ने लक्ष्यसहित युगान्डा पुगेको नेपालको सुरुआत सुखद बन्न सकेन।

काठमाडौं, फागुन २४ (नागरिक)- शृंखला जित्ने लक्ष्यसहित युगान्डा पुगेको नेपाली महिला टोलीले युगान्डा वुमन्स टे कप टी ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा हारबाट सुरुआत गरेको छ।

युगान्डाको इन्टर्नेशनल क्रिकेट आभेगा शनिवार भएको पहिलो खेलमा नेपाली टोली नामिबियासँग डकवर्थ लेविस (डिएलएस) का आधारमा ६ विकेटले पराजित भएको हो। यससँगै घरेलु टोली, हङकङ र नामिबिया सम्मिलित टी ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट शृंखला जित्ने लक्ष्यसहित युगान्डा पुगेको नेपाली टोलीको सुरुआत सुखद बन्न सकेन। कमजोर ब्याटिङ गरेको नेपालले ९३ रनको सामान्य लक्ष्य दिएको थियो। जवाफी लक्ष्य पछ्याएको नामिबिया १४.५ ओभरमा चार विकेट गुमाउँदै ७१ रनमा हुँदा वर्षा भयो। तर, वर्षा नरोकिएपछि डिएलएस नियमका आधारमा नामिबिया विजयी भएको हो।

नामिबियाकी ओपनर मकेले क्याटिलेले २६ रन जोडिन्। यो नै उनका लागि सर्वोच्च कुलो व्यक्तिगत स्कोर रह्यो। ३५ वल खेलेकी उनले तीन चौका प्रहार गरिन्। जुनियर डिउगार्ट ११ रनमा अविजित रहिन्। कप्तान तथा ओपनर सुन विटमन ७ रन, डिडिले भार ८ रन र डमिन हान ६ रनमा नै आउट भए। तर, सामान्य लक्ष्य पछ्याएकी नामिबियाका लागि जित निकाल्न चुनौती भएन। नेपालको बलिङमा पूजा महतो, कविता जोशी, कप्तान इन्दु बर्मा र ईश्वरी विष्टले समान एक विकेट लिए पनि नामिबियाको जित रोक्न सकेन। त्यसबीच उस विकेट ब्याटिङ गरेकी उपान विष्टले २० ओभरमा ९३ रनको सामान्य योगदानमा नै समेटिन पुगी।

खराब सुरुआत गरेका नेपालले राम्रो योगदान बनाउन नै सकेन। कुनै पनि ब्याटरले लामो इनिङ खेल्न नसक्दा नेपाली टोली सामान्य योगदानमा रोकिएको हो। नेपालले पहिलो ओभरको पौथी बलमा नै पूर्वकप्तान तथा अनुभवी ब्याटर रबिना चौधरीले शून्यमा नै गुमाइन् पुगी। अर्की ओपनर सम्झना खड्काले १८ रन बनाइन्। त्यो नै नेपालका लागि सर्वोच्च कुलो व्यक्तिगत स्कोर रह्यो। ११ बल खेलेकी सम्झनाले चार चौका प्रहार गरिन्। ईश्वरी विष्टले १७, कविता जैशी १६ र पूजा महतोले १३ रन बनाए। अन्यको प्रदर्शन सम्झनालायक रहेन। रबिनाकी राजमाते ऐरी र रत्ना चौधरीले खाता नै खोल्न सकेनन्।



नामिबियाविरुद्ध ब्याटिङ गर्दै नेपालकी कप्तान इन्दु बर्मा। तस्बिर : स्रोत

अनुभवी ब्याटर रमा थापा ९, स र इन्दु बर्मा २ रनमा नै आउट भए। नामिबियाको बलिङमा मकेले र विन्का मार्थोनेलले समान तीन तथा कैलिन निनले दुई र जुरेडले एक विकेट लिइन्। सबैले एकअर्कासँग दुईपटक प्रतिस्पर्धा गरेपछि शीर्ष दुई टोलीले फाइनलमा स्थान बनाउनेछन्। नेपालले अब दोस्रो खेलमा आइतबार युगान्डासँग प्रतिस्पर्धा गर्नेछन्। त्यसपछि नेपाली टोली मार्च ११ मा हङकङसँग, मार्च १३ मा नामिबियासँग, मार्च १५ मा फेरि युगान्डा र मार्च १७ मा हङकङसँग फेरि खेल्न नामिबिया छ।

महिला कबड्डीमा नेपाललाई अर्को कांस्य

काठमाडौं, फागुन २४ (नागरिक)- नेपालले छैठौं एसियाली महिला कबड्डी च्याम्पियनसिपमा कांस्य पदक जितेको छ।

ईरानको राजधानी तेहरानमा सम्पन्न च्याम्पियनसिपमा नेपालसँगै बंगलादेश पनि संयुक्त रूपमा तेस्रो भएको अखिल नेपाल कबड्डी संघका महासचिव अरविन्दकुमार झाले जानकारी दिए।

बीनमा हाइभाउको शहरमा भएको गत १९औं एसियाली खेलकुदमा पनि नेपाली महिला कबड्डी टोलीले कांस्य जितेको थियो। त्यो एसियाली खेलकुदमा कबड्डीले जितेको पहिलो सफलता हो। फेरि नेपाली महिला टोली एसियाली च्याम्पियनसिपमा पनि अर्को कांस्य पदक जित्न सफल भए। समूह 'ए' मा रहेको नेपाल समान एक जित र सरको नतिजासहित उपविजेता बनेर सेमिफाइनल पुगेको थियो।

यस क्रममा नेपालले समूहचरणमा इराकलाई ६८-६ ले हराउँदा इरानसँग ४०-१४ ले पराजित हुन पुगेको थियो। तर, सेमिफाइनलमा भने नेपाली टोली भारतसँग १६-४८ ले पराजित भएको हो। अर्को सेमिफाइनलमा हरायले बंगलादेशलाई हराएको थियो। मानमति विष्टको कप्तानीमा नेपाली टोलीले पहिलोपल्ट अन्तर्राष्ट्रिय पदक जितेको हो। केही समयअघाडि मात्र उनी नेपाली टोलीको कप्तान भाएकी थिइन्। भारत च्याम्पियन बन्न सफल हुँदा आयोजक इरान उपविजेतामा सीमित रह्यो। एसियाली महिला कबड्डी प्रतियोगिता २०६० सालदेखि सुरु भएको कबड्डी संगले जनाएको छ।

एसियन च्याम्पियनसिप खेल्न १० खेलाडीसहित १३ सदस्यीय नेपाली टोली इरान पुगेको थियो। सामसंतको कप्तानीमा रहेको टोलीमा जसली तङ्ग, रबिना चौधरी, गंगा थिमिरे, सिर्जनाकुमारी थारू, निशा बोहरा, निशा खत्री, मनीषा जोशी, आस्मा यादव र विनीता पण्डित खेत्री रहन्।

नेपाली टोलीको प्रशिक्षकमा हरिना थापा रहिन्। नेपालमाथि भारत, इराक, इराक, बंगलादेश, थाइल्याण्ड र मलेसिया गरी सात राष्ट्रले च्याम्पियनसिपमा प्रतिस्पर्धा गरेका थिए। नेपालको तर्फबाट विणाकुमार विनु गुरुङले पनि भूमिका निर्वाह गरेको थिइन्।

क्रिकेट क्यालेन्डरमा विश्वकप छनोटको लक्ष्य

काठमाडौं, फागुन २४ (नागरिक)- विश्वकप्मा छनोट हुने लक्ष्यसहित नेपाली क्रिकेटको वर्ष सम् २०२५ को क्यालेन्डर सार्वजनिक भएको छ।

दुई महिना पूरा भएपछि नेपाल क्रिकेट संघ (क्याब) ले २०२५ को वार्षिक क्यालेन्डर सार्वजनिक गर्दा विश्वकप छनोट हुने लक्ष्य राखेको हो। उक्त क्यालेन्डरमा महिला र पुरुष टोलीका लागि अन्तर्राष्ट्रिय र घरेलु प्रतिस्पर्धा, प्रशिक्षणका साथै उपेस्समूह (यू-१९ र यू-२१) गतिविधिहरू पनि समावेश छन्। काठमाडौंका शनिबार पत्रकार सम्मेलनमार्फत क्यानले आफ्नो आयोजना गर्ने कार्यक्रम यस वार्षिक क्यालेन्डरमा राखेको छ। यू-२१ र यू-१९ उपसमूहका महिला र पुरुषमा पनि केही सीमित कार्यक्रम क्यानले गर्न भएको छ। गत वर्ष क्यानले विभिन्न संघसंस्था, जिल्ला र क्लबले गर्ने गतिविधिलाई आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेको थियो।

बसपार्क भर्ने ती कार्यक्रमका थिति तय भएकाले समावेश नगरिएको क्यानका सचिव पारस खड्काले जनाए। उनले बाई महिना पुरुष, महिला र उमेरसमूहका विभिन्न गतिविधि गर्दै नेपाली क्रिकेटलाई व्यस्त राख्ने लक्ष्य राखेको उल्लेख गरे। जुलाई, अगस्ट र सेप्टेम्बरमा विश्वकप छनोटको तयारी गर्नेगरी थाइलाण्ड, भारत र अस्ट्रेलिया जाने कार्यक्रम रहेको क्यानका योजनामा उल्लेख छ। क्यानले इङ्ग्लण्डका काउन्टी क्रिकेटका टोलीसंग र सदस्यमात्र टस राष्ट्रसंग खेल्न गरी तयारी सहितको क्यानका सचिव खड्काले बताएका छन्। गत २०२५ मा आइसिसी विश्वकप लिग-२, विश्वकप छनोट, हङकङ सिक्सस, टी-२० र एकदिवसीय अन्तर्राष्ट्रिय शृंखला क्यानका कार्यक्रममा समावेश छन्।

साथै नेपाली टोलीले इमर्जिङ टिम्स एसिया कपलगायतमा पनि सहभागिता जनाउनेछ। ओमानमा हुन आइसिसी टी ट्वान्टी २० क्वालिफायर्स आइसिसी विश्वकप लिग-२ साइकलको खेल पुऱ्याइ हुँदै छ। त्यसपछि नेपाल प्रिमियर लिग (एनपिएल) को तयारीमा क्यान जुट्न भएको छ। तर, एनपिएल आयोजनाका मिति घरे आइसिसीबाट स्पिकर भेसकेको क्यानले जनाएको छ। यर्सको अन्तमा पनि नेपाली पुरुष टोलीले ओमानमा नै लिग २ को खेल खेल्ने तयारी छ। त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आफ्नो निर्माणाधीन अवस्थामा छ। त्यसैले तल्लो मूलपानीको क्रिकेट ग्राउन्डमा यू-२१ विश्वकपको क्वालिफायर र महिलाको मूलपानी मैदानमा त्यसको तयारी गर्ने क्यानले योजना बनाएको छ। क्यानका सचिव पारसले पूर्वाधारको कमिले गर्दा घोसु मैदानमा यी अन्तर्राष्ट्रिय शृंखला गर्न नसकिएको र अधिकतम विदेशी भूमिमा खेल कोच्न रहेको उल्लेख गरे। प्रशिक्षक तयारी पनि कारु राखे भएको छ। सिनियर महिला टोली पनि यसै आर्थिक क्रिकेट सलिलामा व्यस्त रहने क्यानले जनाएको छ। साथसाथ क्रिकेट विकास गर्न विद्यालयस्तरीय राष्ट्रिय क्रिकेट च्याम्पियनसिप गर्ने योजनामा काम रहेको छ।

निस्ट कपमा चार टोली च्याम्पियन

काठमाडौं, फागुन २४ (नागरिक)- टिआइए, दीक्षालय, चेन्नी वर्ल्ड स्कुल र नेक्सस इन्टरनेसनल एकेडेमी तेस्रो निस्ट कपमा शनिबार च्याम्पियन बनेका छन्।

लोकप्रियोपस्थित भरपुर निस्ट स्कुलद्वारा आयोजित प्रतियोगितामा बास्केटबलको सिनियर बोइज्ञ टिआइए, सिनियर गर्ल्समा दीक्षालय र जुनियर गर्ल्समा चेन्सीले उपाधि जितेका हुन्। नेक्सस जुनियर बोइज फुटबलमा पनि पहिलो भयो। बास्केटबलको सिनियर बोइज फाइनलमा टिआइएले बौद्ध इन्टरनेसनल स्कुललाई ५७-३९ ले पराजित हराउँदै उपाधि उचालेको हो। टिआइका रोशन काफ्लेले २६ अंक सोडे। निस्ट तेस्रो भयो। सिनियर गर्ल्सको उपाधि भिड्नलमा दीक्षालयले निस्टलाई २३-२० को मौसुदे अन्तरले हरायो।

दीक्षालयकी लारुमा डामा शर्पाले ३३ स्कोर गरिन्। चेन्सी तेस्रो बन्यो। जुनियर गर्ल्सको फाइनलमा चेन्सीले आर्या एकडेमीमाथि २०-७ को महज जित निकाल्यो। चेन्सीकी लाजेन शर्पाले १२ अंक जोडिन्। निस्ट तेस्रो स्थानमा रह्यो। फाइनलको सर्वोच्च स्काल्टाजर रोशन लामा र लाजेन आङमोको विद्यामा मोस्ट भेलुएबल प्लेयर घोषित भए।

जुनियर बोइजको फुटबलमा च्याम्पियन नेक्ससले फाइनलमा गोल्डेन सुगन्धामाथि २-० गोलले हरायो। नेक्ससका विराज हुर्लुले दुई गोल गरे। विराज नै प्रतियोगिताको उत्कृष्ट खेलाडी चुनिए। निस्टका सक्षम लौपोले सर्वोच्च गोलकर्ता बने। हिरोज्मा गोल्डेन सुगन्धाका विमेल भुजेल गोलरक्षकमा आयोका क्रिस मजर्जन र प्रशिक्षकमा नेक्ससका संचित रौनाल उत्कृष्ट देखिए। प्रतियोगितामेरी विद्यार्थीमा स्वस्थ बालबालिकाबारे सचेतना जगाउने उद्देश्यले आयोजित कराटेमा च्याम्पियनको उपाधि पन्न सुन्ताखानल जित्यो।

नव मुलाखानले सर्वोच्च पोइन्ट सय अंक बटुल्यो। एक मध्य ७० अंकका साथ केन्सी दोस्रो तथा एक सय ५५ अंकमा राजश्री गुरुङल तेस्रो भए। वातावरण दूषित बनाउने प्लास्टिक प्रयोग गर्ने, इन्धनबाट चल्ने सवारी साधनको सट्टा विद्युतीय सवारी साधन र साइकलको प्रयोग गर्ने वा छोटो दूरीको यात्रामा पैदल यात्रा गर्ने, विषैला रोग, आफूले लगाउने पोशाकमा कोनाबाला बोगाउने लगेरेमूलक, नारा लेखेलेखाइत विषयवस्तुलाई मध्यनजर गरी शीर्ष तीन स्थानमा रहेर रोलीको भरमा गरिएको हो।

विजयीलाई निस्ट फाउन्डेसनका अध्यक्ष डा. माधवप्रसाद घिमिर, कार्यकारी निर्देशक डा. राजेन्द्रकुमार घिमिर र प्रमुख कार्यकारी अधिकृत चन्द्र अधिकारीलगायतले पुरस्कृत गरेका थिए।

उमा कुङ्फुको रेफ्री सेमिनार सम्पन्न

काठमाडौं, फागुन २४ (नागरिक)- उमा कुङ्फुको राष्ट्रिय रेफ्री सेमिनार शनिबार सम्पन्न भएको छ।

नेपाल उमा कुङ्फु संघको आयोजनामा काठमाडौंस्थित कुङ्फुसेन्टर थेचत्स वैन्सुटमा उक्त सेमिनार सम्पन्न भएको हो। आगामी चैत २ गते मोङ्गी स्थानमा हुनेवाली राष्ट्रिय उमा कुङ्फु प्रतियोगिता हुँदै छ। त्यसैलाई ध्यानमा राखी रेफ्री सेमिनार सञ्चालन गरिएका हो। एकदिने सेमिनारमा ३५ रेफ्री सहभागी थिए। उनीहरूलाई अन्तर्राष्ट्रिय निर्णायकत्व तथा आयोजक संघका अध्यक्ष सन्जीवकुमार राई, उपाध्यक्ष भूपेन्द्र गुरुङ र महासचिव कमल पगरले व्यावहारिक र सैद्धान्तिक पक्षबारे ज्ञान दिएका थिए।

सेमिनारमा रिङ रेफ्री र लाइन रेफ्रीको भूमिका, ड्रेस कोड परिवर्तित नयाँ नियमलगायतबारे छलफल गराइएको थियो। सो अवसरमा सहभागीलाई विषयबस्तु र अनुशासनमा विशेष ध्यान दिन सुझाइएको थियो। सहभागीलाई अध्यक्ष राई, उपाध्यक्ष गुरुङ, महासचिव पगरसहित संघका उपाध्यक्ष रमेश महर्जन, सदस्यद्वय सुजन कर्माचार्य र शेरबहादुर गुरुङले प्रमाणपत्र प्रदान गरेका थिए।

महिला दिवसमा रग्बी

काठमाडौं, फागुन २४ (नागरिक)- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा रग्बीपुर्ण ग्यी खेल शनिबार सम्पन्न भएका छ।

नेपाल ग्यी संघ र नेपाल खेलकुद पत्रकार मञ्चको संयुक्त आयोजनामा महिला खेलकुद पत्रकार र महिला विभागको महिला सदस्यसम्बन्ध गोष्ठीपुर्ण ग्यी खेलको आयोजना गरिएको हो। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रुक्मान्त पौडेल, संघका पदेन उपाध्यक्ष गोकुलराज भिमी, उपाध्यक्ष अर्जी लामा, महासचिव गोविन्द घिमिर नेपाल खेलकुद पत्रकार मञ्चका पूर्व अध्यक्ष निरञ्जन गजुरेल र ग्यी संघका कोषाध्यक्ष भक्तबहादुर अधिकारीलगायत उक्त कार्यक्रममा उपस्थित थिए।

महिला विभाग प्रमुख गलिस भण्डाले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित कार्यक्रमको औपचारिक प्रकाश पारेको थिइन्। सदस्यसचिव रुक्मान्त पौडेलले शुभकामनासहित थल हलान्तरण गरेर कार्यक्रमको सुरुआत गरेका थिए। महिला दिवसको अवसर पारेर प्रत्येक वर्ष जस्तै नेपाल ग्यी संघको महिला विभागले यस दिनको कार्यक्रम आयोजना गर्दै आएको विभागकी प्रमुख भण्डाले बताइन्।

बागमती प्रदेश च्याम्पियन

काठमाडौं, फागुन २४ (नागरिक)- दोस्रो राष्ट्रिय जुनियर फुल कन्ट्याक्ट कराते च्याम्पियनसिपमा बागमती प्रदेश च्याम्पियन भएको छ।

काठमाडौंको तीनधुंगेस्थित मैरीमा उमा शनिवार सम्पन्न च्याम्पियनसिपमा ३ स्वर्ण पदक जितेर बागमती च्याम्पियन भएको हो। पाँच स्वर्ण जितेको कर्णाली प्रदेश उपविजेता हुँदा २ स्वर्ण जितेको मधेस प्रदेश तेस्रो भयो। यसको नेपाल क्योकुसिन कराते डो-संघको आयोजनामा भएको दोस्रो राष्ट्रिय जुनियर फुल-कन्ट्याक्ट कराते च्याम्पियनसिप भएको थियो। महिला पुरुष गरी २० तौल समूहमा प्रतिस्पर्धा भएको थियो। प्रतियोगिताको च्याम्पियन दिस्लाई ८०० २५ हजार रुपियाँ उपविजेतालाई ५० हजार, तेस्रो दिस्लाई ३० हजार र चौथो दिस्लाई ५ हजार रुपियाँ नगद पुरस्कार प्रदान गरिएको थियो। विजेतालाई राष्ट्रिय खेलकुद परिषद्की कार्यकारी सदस्य सुवर्ण श्रेष्ठ, वरिष्ठ उप्रेती निर्देशक राजेन्द्र काइनी र अन्तर्राष्ट्रिय निर्णायक खड्गबहादुर पौडेलले प्रमाणपत्र प्रदान गरेका थिए।

SAFETY IN EVERY ASPECT

Simkot Rural Municipality

Office of Rural Municipal Executive

Simkot, Humla

Invites Electronic Bids

Date of Publication: 2081/11/25

1. The Simkot Rural municipality invites electronic bids from Nepalese eligible bidders for the work under National Competitive Bidding procedures. The estimated amount for the works are Rs. ***As mentioned below.***
2. A complete set of Bidding Documents may be purchased by eligible bidder, upon payment of a non-refundable fee of RS 3000 till 2081/12/26 during bid submission time. Information to deposite the cost of bidding document in bank.

Name of the bank : RBB Humla **Name of office: Simkot Rural municipaliy** **Office Account no : 41900303000003 (Dharanti)**

Rajaswa (revenue) shirshak no. : 41901003010100003 (Rajaswa)

3. Pre-bid meeting shall be held on 2081/12/18
4. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np

Details of Work

S. N	Contract Id No.	Description of Works	Location of site	Estimated Amount With VAT &PS	Bid Security Amount in NRs.	Bid Document cost	Remarks
1	SRM/NCB/W/1/2081-82	Building Construction of Health Post	SIMKOT RM 7	7629731	100000	3000	